PRO PUBLIC जनहित संरक्षण मञ्च
Forum for Protection of Public Interest
Seeking and obtaining social, economic, environmental and political justice for the disadvantaged and marginalised groups

Our Ref: ९३।०६२-०६३ मितिः २०७२ भाद्र ६ गते, आइतबार

## मेलमिलापकर्ता धनुषाका छोराछोरीलाई
## उच्च माध्यमिक विद्यालय तह (१०+२) मा अध्ययन गर्न
# छात्रबृत्तिसम्बन्धी प्रो पब्लिकको अत्यन्त जरुरी सूचना !!!

जनहित संरक्षण मञ्च (प्रो पब्लिक) काठमाडौं र सामुदायिक मेलमिलापकर्ता समाज धनुषाले धनुषा जिल्लाका सामुदायिक मेलमिलापकर्ताहरुका छोराछोरी तथा नातिनातिनाहरुलाई प्रत्येक बर्ष उच्च माध्यमिक विद्यालय तह (१० + २) मा अध्ययन गर्नका लागि छात्रबृत्ति प्रदान गर्ने कार्यक्रमअर्न्तगत शैक्षिक-सत्र २०७२/०७३ र ०७३/०७४ का लागि छात्रवृत्ति कार्यक्रममा सहभागी हुन चाहनेहरुलाई निम्न बमोजिमका कागजातहरु संलग्न गरी यही मिति २०७२ साल भाद्र २० गते सम्ममा निम्नलिखित ठेगानामा आइपुग्ने गरी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई हार्दिक आव्हान गरिन्छ ।

**निवेदनसाथ संलग्न हुनपर्ने कागजातहरुः**

१. निवेदन (निवेदकलाई सम्पर्क गर्ने फोन/मोबाईल नम्बर उल्लेख गर्नहुन)
२. २०७१ सालको प्रवेशिका परीक्षा (SLC) उत्रिर्ण गरेको प्रमाण-पत्र (Mark Sheet) को प्रतिलिपि
३. विद्यालयले प्रदान गरेको चारित्रिक प्रमाण-पत्र (Character Certificate) को प्रतिलिपि
४. अध्ययन गर्दै (भर्ना भएको) गरेको उच्च माध्यमिक विद्यालय, क्याम्पस वा महाविद्यालयको सिफारीस-पत्र
५. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति
६. विद्यार्थी मेलमिलापकर्ता धनुषाको छोराछोरी वा नातिनातिना हुनुपर्ने छ ।

**छनोट प्रकृयाः** उक्त अवधिभित्र प्राप्त भएका निवेदन माथि सामुदायिक मेलमिलापकर्ता समाज धनुषाले अध्ययन गरी समाजले माइन्युट गरी प्रो पब्लिकलाई सिफारीस गर्ने छ । छनोट गर्दा, पिछडिएको वर्ग, आर्थिक अवस्था कमजोर भएका र जेहेन्दार विद्यार्थीहरुलाई समाजले सिफरीस गरि पठाउनु पर्नेछ । सम्भव भएसम्म प्रो पब्लिकको कार्य समितिमा जनकपुरवाट प्रतिनिधित्व गर्ने कार्यसमिति सदस्य तथा प्रो पब्लिकका साधारण सदस्यको संलग्नतामा निर्णय गर्नु पर्नेछ ।

**निवेदन पेश गर्नुपर्ने ठेगाना**
सामुदायिक मेलमिलापकर्ता समाज, जनकपुरधाम, धुनषा, फोन नं. ९८४४०२७५२४ (अध्यक्ष)
**वा**
जनहित संरक्षण मञ्च (प्रो पब्लिक), गौतमबुद्ध मार्ग, अनामनगर, काठमाडौं
फोन नं. ०१-४२६८६८१, ४२६५०२३

..............................................
बरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा
कार्यकारी निर्देशक